# साना तथा मझौला व्यवसायीहरूको लागी दैनिक रूपमा आवश्यक पर्ने आ.व. २०८१-८२ को कर सम्बन्धित संसोधित प्रावधानहरू

| TOPIC | INTERPRETATION |
|---|---|
| खर्च अमान्य हुने तलब भुक्तानी | अब बैंक मार्फत भुक्तानी नभएको प्रतिव्यक्ति मासिक २५,००० भन्दा बढिको पारिश्रमिक आयकर प्रयोजनको लागि खर्च दावी गर्न नपाउने । |
| सम्बद्ध व्यक्तिबीचको कारोवार | सम्बद्ध व्यक्तिबीच हुने हस्तान्तरण मूल्य (Transfer Pricing) को मूल्याङ्कन विधि विभागले निर्धारण गरे बमोजिम हुने । |
| पूँजी थप गर्ने प्रयोजनको मात्र शेयर हस्तान्तरणमा दफा ५७ नलाग्ने | पुरानो शेयरवालाहरूको शेयर संख्या एवम् पूँजी फरक नपर्ने गरी नयाँ शेयरवाला थप भई पूँजी वृद्धि भएको अवस्थामा दफा ५७ नलाग्ने । |
| व्यवसायिक कारोबारलाई व्यक्तिगत खाताबाट भिन्न राख्नुपर्ने | व्यवसायिक कारोबारवापत नगद, चेक, QR अन्य माध्यमबाट प्राप्त हुने रकम व्यक्तिगत खातामा जम्मा गरेमा प्रत्येक अनुगमनमा ५,००० वा कुल रकमको २.५% (जुन बढि हुन्छ) सो शुल्क लाग्ने । |
| अवकाश कोषमा भएको योगदान ५ लाखसम्म कट्टा गर्न मिल्ने | संसोधन पहिले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गरेवापत ५,००,००० सम्म घटाउन पाउने र अन्य स्वीकृत अवकाश कोषमा योगदान गर्दा ३,००,००० सम्म घटाउन पाउने प्रावधान भएकोमा हाल सबै स्वीकृत अवकाश कोषमा अवकाश योगदान गर्दा ५,००,००० रूपैयाँसम्म करयोग्य आयबाट घटाउन सकिने । |
| कम्पनीको बैंक खाताको विवरण कर विभागलाई दिनुपर्ने | अब कर कार्यालयले व्यवसायको नाममा खोलिएको सम्पूर्ण बैंक खाताहरू अनलाइन सिस्टममा अध्यावधिक गर्ने गरी कुनै प्रावधान ल्याउन सक्ने । |
| मू.अ.क. विवरण नबुझाएमा आयात/निर्यात कारोबार रोक्का हुन सक्ने | मूल्य अभिवृद्धि कर विवरण बुझाउनु पर्ने मिति समाप्त भएको चार महिनासम्म पनि नबुझाएमा सो करदाताको आयात वा निर्यात रोक्का गर्न सकिने । |
| सेवाको लागी भ्याट दर्ता थ्रेसहोल्ड ३० लाख कायम भएको | पहिले भ्याट दर्ताको लागी थ्रेसहोल्ड रकम सेवा र मिश्रित कारोवारको हकमा २० लाख थियो । संसोधन मार्फत सो कारोबारहरूको थ्रेसहोल्ड रकम वृद्धि भइ ३० लाख भएको छ । |
| हार्मोनाईज्ड कोड समेत कर विजकमा उल्लेख गर्नु पर्ने | संसोधन पश्चात कर बिजकको फर्म्याट परिवर्तन भइ आयातित सामानको हकमा हार्मोनाईज्ड कोड समेत कर बिजकमा उल्लेख गरिनु पर्ने । |

नोटः यो सुपर समरी सहजताको लागि मात्र तयार गरिएको र यसमा साना तथा मझौला व्यवसायीलाई दैनिक रूपमा सरोकार भएको विषय मात्र समावेश गरिएको छ । विस्तृत विवरणको लागि संसोधित ऐन तथा नियमावली नै हेर्नु होला ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय दमक
झापा